# हिमालयन हाइड्रोपावर लिमिटेडको

# १५ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

## माइन्युट

## आर्थिक वर्ष २०७८/७९

सभा मिति : २०७९ साल चैत्र २४ गते शुक्रबार

सभा समय : अपरान्ह ११.०० बजे

सभा स्थान : वाटरफ्रन्ट रिसोर्ट, लेक साईड, पोखरा, कास्की ।

## हिमालयन हाईड्रोपावर लिमिटेडको
## १५ औं वार्षिक साधारण सभाको निर्णय पुस्तिका (माइन्यूट)
## आर्थिक वर्ष २०७८/७९

१. **वैधानिक सभा**

हिमालयन हाईड्रोपावर लिमिटेडको मिति २०७९ साल फागुन ३० गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार मिति २०७९ साल चैत्र २४ गते शुक्रवार (तदनुसार ७ अप्रिल २०२३ सन) का दिन यस कम्पनिको १५ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री खोम बहादुर के.सी. ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसि देहायका विषयहरु उपर छलफल भई निर्णय भयो ।

२. **सभाको मिति, समय र स्थान**

मितिः २०७९/१२/२४ गते शुक्रबार

समयः अपरान्ह ११.०० बजे

स्थानः वाटरफ्रन्ट रिसोर्ट, लेक साईड, पोखरा, कास्की ।

३. **सभाको सुचना**

कम्पनी ऐन २०७३ को दफा ६७(२) बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०७८/७९ को वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु खोली कारोवार दैनिक पत्रिकामा मिति २०७९ साल चैत्र ०३ गते प्रथम पटक र मिति २०७९ साल चैत्र १६ कारोवार राष्ट्रीय दैनिक पत्रिकामा दोश्रो पटक शेयरधनीहरुको जानकारीको लागि सुचना प्रकाशित गरिएको थियो । त्यस्तै सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह तथा अन्य विवरणहरु वार्षिक प्रतिवेदन पुस्तिकाको रुपमा शेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको थियो । साथै कम्पनिको वेबसाईटमा ईलेक्ट्रोनिक प्रति अपलोड समेत गरिएको छ ।

४. **छलफलका विषयहरु**

क. समान्य प्रस्ताव

१ सञ्चालक समितिको १५ औं वार्षिक प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।

२ आ.व.२०७८/०७९ को वासलात सहितको लेखा परीक्षण प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने

३ आ.व २०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४ कम्पनिको सर्व साधारण शेयर धनीको तर्फबाट सञ्चालक निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव

१. सञ्चालकहरूको सुविधा वृद्धि गर्ने तथा सोसँग सम्बन्धित नियमावली संशोधन सम्बन्धमा ।

२. कम्पनीको नियमावलीको प्रस्तावित संशोधनमा नियमन निकायबाट कुनै निर्देशन वा सुझाव दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न संस्थाको सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

(ग). विविध

५ **उपस्थिति**

५.१ सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री खोमबहादुर के.सी. | अध्यक्ष |
| २. | श्री शिवकृष्ण श्रेष्ठ | सञ्चालक |
| ३ | श्री मोनिका थापा | सञ्चालक |
| ४ | श्री सुकान्त अधिकारी | सञ्चालक |
| ५ | श्री दामोदर भक्त श्रेष्ठ | सञ्चालक |
| ६ | श्री अभिशेक के.सी. | प्रमुख कार्यकारी अधिकृत |

५.२ प्रतिनिधि तथा अन्य उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री दिपक मणी पोखेल | सहायक रजिष्ट्रार कम्पनि रजिष्ट्रारको कार्यालय |
| २. | श्री नविन कुमार भट्टराई | ना.सु. रजिष्ट्रारको कार्यालय |
| ३. | श्री भोजन अर्याल | प्रतिनिधी कम्पनीको लेखा परीक्षक |
| ४. | श्री कृष्णप्रसाद भण्डारी | कम्पनी सचिव |
| ५. | श्री जयराम न्यौपाने | लेखा प्रमुख |
| ६. | श्री कृतिका श्रेष्ठ | लेखा अधिकृत |

६. **गणपूरक संख्या**

| विवरण | कुल संख्या | भौतिक उपस्थिति | प्रोक्सीबाट | जम्मा उपस्थिति | कुल शेयरको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | १,०९,५०,००० | ३०,८५,३९९ | २१,५४,०२१ | ३९ जना | ५१.१९ प्रतिशत |

७. **सभाको वैधानिकता तथा सभाको सभापतित्व**

यो सभा कम्पनी ऐन, २०६३ को दफा ६९ मा व्यवस्था भए अनुसार बोलाइएको, दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सुचित गरिएको र दफा ७३(२) बमोजिम गणपुरक संख्या पुगेको हुंदा सभा वैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडी बढाइयो । सञ्चालक समितिका अध्यक्ष श्री खोमबहादुर के.सी. ज्यूले सभाको सभापतित्व ग्रहण गर्नुभयो ।

८. **१५ औं वार्षिक प्रतिवेदनको प्रस्तुति**

कम्पनिको १५औं वार्षिक प्रतिवेदन सभाका सभापति श्री खोमबहादुर के.सी. ज्यूको तत्कालै आखाँको उपचार गरेको हुँदा निजको अनुमतिले सञ्चालक श्री मोनिका थापाले सभामा पढेर सुनाउनु भयो । तत्पश्चात सभापतिज्युले लेखा परीक्षकको प्रतिवेदन सहितको २०७९ साल असार मसान्तको वासलात, मिति २०७८/०४/०१ देखि २०७९/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९. **छलफलको लागि आह्वान र सकृय सहभागी हुनेहरु**

यस कम्पनिको आर्थिक वर्ष २०७८/७९ को प्रतिवेदन, २०७९ साल असार मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन

2004

सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीले प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार प्रश्नहरु तथा सुझावहरु व्यक्त गर्नुभएको थियो ।

१० **छलफलमा सकृय सहभागी हुने शेयरधनीको नाम**

१. श्री डा. भरतबहादुर खत्री

२. श्री यदुनाथ अधिकारी

११. **छलफलमा सकृय सहभागी हुनेहरुको आ आफ्नो विचार प्रस्तुतिकरण**

डा.भरत बहादुर खत्री: लाभांश पाईएन खुसी छैनौ । अर्को पटक लाभांश पाईए हुन्थ्यो । प्राकृतिक प्रकोपले गर्दा मुनाफा नपाएको होला । तपाईहरुले महेनत गर्दा गर्दै पनि नसक्नु भएको हुन सक्छ । संचालक तथा पदाधिकारी प्रति सम्पूर्ण भरोसा छ । अर्को पटक निश्चयनै सुबिधा पाउने आसा छ । वाधा अडचन भए फुकाउन ढीलो नगरौं । आयोजना बन्द नभई संस्था चलिरहेकोमा शुभकामना छ ।

यदुनाथ अधिकारी: उपस्थितिको लागि धन्यवाद तथा अभिवादन । साधारण सभाको सफलताको कामना छ । सबल पक्षलाई आत्मसाथ गर्न पर्छ । ब्याज महगो भयो एकल अंकमा आए हुन्थ्यो । लाभांश नभएकोमा चिन्ता छ । कसरी राम्रो गर्न सकिन्छ मिलेर गर्नु पर्छ । आगामी साधारण सभा ६ महिना, पुस महिना भित्रै गर्न पर्छ । साधारण सभा अगावै हातहातमा Book पाउन पाए हुन्थ्यो । सभामा सहभागिता वृद्धिको लागी यातायात खर्च भत्ता दिन पाए हुन्थ्यो । सबैलाई नमस्कार तथा धन्यवाद ।

१२. **जवाफको प्रस्तुतीकरण**

शेयरधनी महानुभावहरुका उल्लेखित जिज्ञासा तथा सुझाव एवं रचनात्मक भुमिकाको सराहना गर्दै सभाको सभापतिको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री अभिशेक के.सि.बाट प्रस्तुत प्रत्युत्तर तथा जवाफः

सम्पुर्ण शेयरधनी महानुभावहरुमा मेरो तर्फबाट नमस्कार तथा स्वागत छ । साधारण सभा समयमा आह्वान गर्ने प्रयास गर्ने छौं । नामार्जुन मादी जलविद्युत आयोजनाबाट विद्युत उत्पादन भई नै रहेको छ । शेयर धनिका आ आफ्ना गुनासा रहे पनि आफनो कम्पनी सम्झेर सहयोग गर्नु भएको छ । आगामी दिनमा पनि अझ सहयोग पाउने आशा गर्दै आफनो कुरा यहि टुङ्ग्याउछु ।

यस साधारण सभामा सहभागी शेयरधनी तथा अन्य महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट सञ्चालक श्री सुकान्त अधिकारीले राम्रो Feedback आएको छ । हेरी सूधार गर्छौ । मर्मतको अवधी भएकोले हो । आगामी सभा पौष भित्रै गर्ने प्रत्यन गदर्छौ । शेयरधनीहरुको पातलो उपस्थिति छ । अधिकाधिक उपस्थितिको लागि प्रोत्साहन गर्ने छौं । हाम्रो आयोजनाको पानीको वहाव राम्रो छ । हाम्रो सवल पक्ष भनेको Excess Energy हो । हाम्रो कम्पनीको शेयर मुल्य रु.३००। को हाराहारी रहेको छ । PPA ३० बर्षको छ । जसले गर्दा राम्रो छ । अहीले नभए पनि पछी राम्रो छ भन्ने आफ्नो धारणा सहित धन्यवाद ज्ञापन गर्नु भयो ।

१३. **सभाबाट भएका निर्णयहरुः**

सभाका सभापतिबाट जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सुचीमा उल्लेखित प्रस्तावहरु सभाद्‌वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

(क) सामान्य प्रस्ताव

१३(क)१ सञ्चालक समितिको पन्ध्रौं वार्षिक प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।

सभामा प्रस्तुत सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सभामा आवश्यक छलफल गरी सभाबाट सर्वसम्मतिले अनुमोदन गरि पारित गर्ने निर्णय गरियो ।

१३(क)२ आ.व.२०७८/०७९ को वासलात सहितको लेखा परीक्षण प्रतिवेदन छलफल गरि अनुमोदन गर्ने ।

लेखा परीक्षण प्रतिवेदन सहितको २०७९ साल असार मसान्तको वासलात तथा २०७८ श्रावण १ गते देखि २०७९ असार ३२ गते सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरणहरु उपर छलफल गरी उचित हुँदा अनुमोदन सहीत सर्व सम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

१३(क)३ आ.व २०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

आर्थिक वर्ष २०७९/०८० को लेखा परीक्षण गर्न लेखा परीक्षक निरौला एस एण्ड एसिसयटस का चार्टड एकाउन्टेन्ट श्री सरोज निरौलालाई गत वर्ष दिएको रकम अर्थात रु १,५०,०००। तथा अन्य खर्च बिल अनुसार भुक्तान हुने गरि नियुक्ति गर्ने निर्णय गरियो ।

१३(क)४ कम्पनिको सर्व साधारण शेयर धनीको तर्फबाट सञ्चालक निर्वाचन गर्ने ।

यस कम्पनिबाट नियुक्त निर्वाचन अधिकृत अधिवक्ता सानु मैया महर्जनबाट हिमालयन हाईड्रोपावर लिमिटेडको सञ्चालक निर्वाचन सम्बन्धि निर्देशिका २०७६ बमोजिम मिति २०७९।१२।१६ मा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०७९।१२।१७ को १ बजे देखि मिति २०७९।१२।१९ गते २ बजे सम्म ( ४९ घन्टा ) को उम्मेदवार मनोनयन गर्ने व्यहोरा रहेकोमा तोकिएको अवधि भित्र कुनै पनि सर्व साधारण शेयर धनिले उम्मेदवारी दर्ता नगराएको समेतको प्रतिवेदन उपर छलफल गर्दा छलफल गर्दा आगामी साधारण सभाबाट निर्वाचन गर्ने निर्णय गरियो ।

१३(ख) विशेष प्रस्ताव

१३(ख)१.सञ्चालकहरूको सुविधा वृद्धि गर्ने तथा सोसँग सम्बन्धित नियमावली संशोधन सम्बन्धमा ।

यस सम्बन्धमा कुनै निर्णय भएन ।

१३(ग) विविध

यस कम्पनीको नामार्जुन मादी जलविद्युत आयोजना १२ मे.वा. निर्माणको क्रममा खर्च भएको हिसाव अनुसार विभिन्न पक्षलाई करार सम्झौता अनुसार भुक्तानि गर्नको लागि बाँकी रहेको रकम भुक्तान गर्न लगानी कर्ता बैंक ग्लोबल आईएमई बैंकमा थप आवधिक ऋण कर्जा रु.८,००,००,०००। आठ करोड माग गर्ने निर्णय गरियो । थप आवधिक ऋण कर्जा समेतको सवै रकम भुक्तान गर्नको लागी उत्पादन सुरु भएको मितिले १२ बर्ष रहेकोमा सो अवधीलाइ बढाएर १४ बर्ष कायम गर्नको लागी लगानी कर्ता ग्लोबल आईएमई बैंकलाई अनुरोध गर्ने निर्णय गरियो । साथै बैंक व्याजदर कम गर्नको लागी लगानी कर्ता बैंकलाई अनुरोध गर्ने समेत निर्णय गरियो ।

थप अन्य छलफलको विषवस्तु नभएकोले यस शिर्षक थप अन्य कुनै पनि निर्णय भएन ।

१४. **धन्यवाद ज्ञापन**

तत्पश्चात छलफल तथा निर्णयको क्रम समाप्त भईसकेपछि सौहार्द्रपूर्ण वातावरणमा पन्ध्रौ वार्षिक साधारण सभा सम्पन्न गर्न अमूल्य समय दिई सहयोग पुर्याउनु भएकोमा सभापतिज्यूले शेयरधनी महानुभावहरु लगायत सवैमा धन्यवाद ज्ञापन गर्नु भयो ।

१५. **सभा विसर्जन**

अन्तमा सभापतिज्यूले सभा संचालन गर्न सभामा उपस्थित शेयरधनी महानुभावहरुबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद ज्ञापन गर्नुको साथै सभा सफलतापुर्वक सम्पन्न भएकोमा सवैलाई बधाई ज्ञापन गर्दै दिनको १.०० बजे यो सभा विसर्जन गर्नुभयो ।

(खोम बहादुर के.सी.)
अध्यक्ष

HIMALAYAN HYDROPOWER LTD. 2004

(कृष्णप्रसाद भण्डारी)
कम्पनि सचिव